# शुभेच्छा

मेरो क्षेत्र पत्रकारिता नभए पनि प्रस्तुत पुस्तकमा मलाई नै मन्तव्य व्यक्त गर्ने अवसर प्रदान गर्नु हुने प्रिय भाइ प्रमोद प्रधान पत्रकार भए पनि समाजमा साहित्यिक, त्यसमा पनि अझ कविजीको रूपमा धेरै परिचित हुनुहुन्छ । उहाँको कविताशिल्पी उहिले म महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा प्राध्यापक छँदै अशेष मल्ल, महेश प्रसाई आदिका समकालीनका रूपमा स्थापित भइसकेको थियो । उहाँका समकालीन प्रतिभामध्ये दुईजना (तोया गुरुङ र अशेष मल्ल) प्राज्ञ परिषदका सदस्य पनि भइसकेका छन् । त्यस्तो सुयोगदेखि टाढा रहेर पनि नेपाली कविताको क्षेत्रमा सार्थक र गुणात्मक योगदान दिँदै जाने मोरङका मात्र नभई सारा देशका गौरव प्रमोद प्रधानलाई मैले पुराना मोरङे कविमध्ये कृष्णभूषण बलसित र नयाँ मोरङे कविमध्ये विवश पोखरेलसित समस्तरीयताका धरातलमा उभिएको मध्यवर्ती कडी ठान्ने गरेको छु। उहाँ झैं अमूल्य काव्यरत्न पाउनु हामी मोरङे छिमेकीको सौभाग्यको कुरो हो । कारण यदि यस्ता सफल साधकको सङ्ख्या कोशीपूर्व माटोमा झन् झन् बढ्दै गएमा पूर्वेलीहरू पनि नेपाल माताको सेवामा किन पछि परौँला र ?

प्रस्तुत पुस्तक कविता राख्ने भाँडो (पत्रकारिता) को विश्लेषण हो । परन्तु स्वयं कविताको विवेचना होइन । यो त समाजका अन्य सदस्यहरूसमेतको साझा सम्पत्ति हो । यसैले सफल किंवा उदात्त संवादकर्मीले आफ्नो खास रुचिलाई प्राथमिकता दिएर सुख पाउँदैन । भान्सेले को आफ्नो को पराई सबैमा समान ढङ्गले भाग वितरण गरे झैं पत्रकारले पनि समान पाराले मौकाको वितरण गर्न सक्नुपर्छ । जति नै कष्ट परे पनि उदात्त पत्रकारले यति त्याग त गर्नैपर्छ । अब हामी अनुमान गरौं कति कष्ट पऱ्यो होला कवि प्रमोद प्रधानलाई पत्रकारको

भूमिका निर्वाह गर्नलाई अथवा पत्रकार प्रमोद प्रधानलाई कविको भूमिका निर्वाह गर्नलाई ।

कविले सदैव आराधना गर्नुभयो कविताको, तर निमेक खानु भयो पत्रकारिताको । कविता त उहाँको ऋणी भइहाल्यो, तर लिखितमको भाकाअनुसार उहाँको साहू हुन पुगेको थियो पत्रकारिता । त्यो मलाई लाग्छ, ऋण उहाँले चक्रवृद्धि ब्याजको दरले तिर्नु भएको छ यस कृतिमार्फत्, मेरो आर्थिक लेखापरीक्षणको अनधिकार निरूपणका हिसाबले पनि । यति गतिलो, यति अनुशासित, यति बहुआयामिक र यति साङ्गोपाङ्गोकृत अर्को नालीबेली आजसम्म मोरङे पत्रकारिताबारे ग्रन्थायित भएको छैन । आक्कल-झुक्कल हुन पुगेका नगण्य हिज्जेली अनि चिह्नेली पक्षलाई ध्वस्कार्ने हो भने मेरो उद्गार निस्तो सुर्क्याहट र फोस्रो फुर्क्याहटको विपरीतार्थक पदसमूह ठहरिनेछ, पक्कै ठहरिनेछ ।

मैले पनि उहिल्यै (३० वर्षभन्दा पनि पहिले) कोशी नदी पूर्वको पत्रकारितालाई तीन ऐतिहासिक चरणमा वितरित गरेर अलिक लामो लेख *युगज्ञान* साप्ताहिकमा छपाएको थिएँ । समालोचक जयप्रसाद ढकालले पनि आफू अमेरिकातर्फ उड्नुभन्दा केही पूर्व मेची अञ्चलको पत्रकारिताबारे एउटा पुस्तक *आधुनिक नेपाली पत्र जगत् समीक्षा* लेखेर २०५९ असोज ६ गतेका दिन बिर्तामोडमा मेरो हातबाट लोकार्पित गर्नु भएको थियो । मेरोबारे म नबोलूँ । ढकाल महोदयको बारे के भन्न सकिन्छ भने त्यो स्वयं आधारसामग्रीमा आश्रित वैयक्तिक उद्गारहरूको सङ्गालो थियो ।

परन्तु मेरो र ढकाल महोदयको भन्दा छुट्टै प्रकारको देन दिएको छ प्रमोद भाइको प्रस्तुत पुस्तकले । यो मोरङेली पत्रकारिताको विवेचनार्थ स्रोत सामग्रीको सन्दुक खोल्ने कुची-ताला किंवा खुलजा रे सिमसिमको गूढ मन्त्र हो । भविष्यमा कुनै जाँगरीले नेपाली पत्रकारिताको ऐतिहासिक विवेचना लेख्न चाहेछ भने प्रमोद भाइको यस तपस्याले उसलाई मोरङनेरि आइपुग्दा ज्यादै सजिलो हुनेछ । यस्तो उपयोगी कृतिको यथासम्भव शीघ्र प्रकाशन हुन सकोस् भन्ने शुभेच्छाका साथै यस दुरुह कार्यलाई पार लगाउन सकेकोमा प्रमोद भाइलाई साधुवाद ज्ञापित गर्छु ।

**बालकृष्ण पोखरेल**
**विराटनगर**